गाउँ कार्यपालिकाको
मिति:- २०८२/०७/१६
(बैठक संख्या:- ०५-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८२ साल कार्तिक १६ गते तदनुसार नेपाल संवत ११४६, कछलाथ्व, एकादशी, आइतबारका दिन दिउँसो ४:०० बजे बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पाँचौं (०५) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री शेर बहादुर चलाउने | (का.व.अ.-६) सदस्य. गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

आमन्त्रितहरु:

| | |
|---|---|
| श्री खिम बहादुर रोकाया | कम्प्युटर अधिकृत (छैटौं) |

CamScanner

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८२/०७/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०५-२०८२/०८३)

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. नवप्रवर्तन साझेदारी परियोजनाको लागत साझेदारी सम्बन्धम।

३. गाउँपालिकाको श्रव्य, दृश्य वृत्तचित्र निर्माण सम्बन्धमा।

४. राजस्व सुधार योजना निर्माण सम्बन्धमा।

५. व्यवसाय दर्ता सफ्टवेयर खरिद सम्बन्धमा।

६. विपद् व्यवस्थापनको लागि सामग्री खरिद सम्बन्धमा।

७. भूकम्प पुनर्निर्माणको तथ्याङ्क विपद् पोर्टलमा (RIMS) मा प्रविष्टी खर्च सम्बन्धमा।

८. सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

प्रदेश तथा स्थानीय सबलीकरण कार्यक्रम अन्तर्गत प्रदेश कार्यक्रम सहयोग एकाइ को मिति २०८२।०६।३१ गते प्रकाशित सूचना बमोजिम यस गाउँपालिका अन्तर्गत अति विपन्न तथा दलिम महिलाहरुका लागि आर्थिक विकासको सम्भावना रहेको **"दलित तथा विपन्न महिलाहरुका लागि बाख्रापालन कार्यक्रम"** प्रस्तावना पेश गर्ने र उक्त कार्यक्रमको लागि नवप्रवर्तन साझेदारी कोष सञ्चालन कार्यविधि २०८२ को दफा ११, (ख) अनुसा तोकिएको तपसिल बमोजिमको लागत यस गाउँपालिकाबाट साझेदारी गर्ने।

**तपसिल:**

| क्र.सं. | परियोजनाको कुल बजेट रु. | नवप्रवर्तन साझेदारी कार्यक्रमको बजेट रु. | स्थानीय तहको साझेदारी | |
|---|---|---|---|---|
| | | | गाउँपालिकाको साझेदारी बजेट रु. | उपभोक्ताको साझेदारी बजेट रु. |
| १. | १,४९,४०,००० | ९७,६०,००० | ४०,८०,००० | ११,००,००० |
| २. | १००% | ६५.३३% | २७.३१% | ७.३६% |

सोहित प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मितिः- २०८२/०७/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०५-२०८२/०८३)

निर्णय नं. ३

बारेकोट गाउँपालिका अन्तर्गत रहेका विभिन्न हिमाल, ताल तलैया, नदि नाला, वन, वन्यजन्तु, वसोबास, परम्परा, रितिरिवाज, कला साहित्य, संस्कृति, विकास निर्माण, प्रशासनिक व्यवस्थापन, लगायत बारेकोट गाउँपालिकाको माखाकृत झल्किने **श्रव्य, दृश्य (Audio-Video Documentary) वृत्तचित्र** निर्माणको लागि चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट शिर्षक **पर्यटन प्रवर्द्धन तथा भिडियो डकुमेन्ट्री निर्माण**, उपक्षेत्र पर्यटन तथा खर्च शिर्षक २२५२९ बाट खर्च लेखे गरी रु. ३००००० (अक्षरुपी तीन लाख) नबढ्ने गरी सेवापरामर्श खरिद गर्ने।

निर्णय नं. ४

बारेकोट गाउँपालिकाले लिने न्यूनतम सेवा शुल्कलाई प्रभावकारी, जनमुखी, पारदर्शी तथा दिगो राजश्ववृद्धि हुने गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न गाउँपालिकाको राजश्व सुधार योजना निर्माण गर्नुपर्ने आवश्यकता भएकोले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट शिर्षक **सुशासन तथा अन्तरसम्बन्ध**, उपक्षेत्र वित्तीय सुशासन तथा खर्च शिर्षक २२५२९ बाट खर्च लेखे गरी रु. ५०००००।- (अक्षरुपी पाँच लाख) भन्दानबढ्ने गरी सेवापरामर्श खरिद गर्ने।

निर्णय नं. ५

बारेकोट गाउँपालिकामा सञ्चालन भइरहेका व्यवसायहरुलाई अनलाईन मार्फत दर्ता, नविकरण, खारेज लगायतका कार्यहरु पुरानै तरिकाले फाइल हार्डकपीमा राखिरहँदा तत्काल आवश्यक हुने रिपोर्ट निकाल्न असहज हुने तथा विभिन्न विपद्ले पनि रेकर्ड असुरक्षित हुने हुँदा व्यवसाय दर्ता प्रणालीलाई छिटो, छरितो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न अनलाईन व्यवसाय दर्ता प्रणाली सफ्टवेयर खरिद गर्नुपर्ने आवश्यकता भएकोले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बजेट शिर्षक **उद्योग**, तथा खर्च शिर्षक ३११३४ बाट खर्च लेखे गरी रु. ४०००००।- (अक्षरुपी चार लाख) भन्दानबढ्ने गरी सेवापरामर्श खरिद गर्ने।

गाउँ कार्यपालिकामा
पेश गर्ने
मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८२/०७/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०५-२०८२/०८३)

**निर्णय नं. ६**

बारेकोट गाउँपालिका अन्तर्गत विभिन्न वडा तथा प्रहरी चौकीहरुमा नमुनाका लागि अग्नि नियन्त्रण (Fire extinguishers) हरु र २०८२ सालको मनसुनबाट बारेकोट गाउँपालिका भित्रका खानेपानी आयोजनाहरुमा भएको क्षतिका कारण अवरुद्ध खानेपानीलाई पुन: सञ्चालनमा ल्याउन स्थलगत प्राविधिक रिपोटका आधारमा २०, २५ र ३२ एम एमका पाइपहरु खरिद गर्ने।

**तपसिल**

| क सं | कार्य विवरण | इकाई | परिमाण | खर्च गरिने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | Fire extinguishers (६ केजी ) | वटा | २५ | १५०००० | |
| २ | पाइप २०,२५ र ३२ एम एम | मिटर | १४००० | १०००००० | |
| ३ | आपत्कालिन कार्य सञ्चालन केन्द्र मर्मत | पटक | १ | ५०००० | |
| | जम्मा | | | १२००००० | |

**निर्णय नं. ७**

जाजरकोट भुकम्प २०८० बाट प्रभावित निजी आवास पुनर्निर्माणको तथ्यांक विपद् पोर्टलमा प्रविष्टिका लागि खटिने कर्मचारीहरुको खाना तथा खाजा खर्च वापत रु २,५०,०००। अक्षरुपी दुईलाख पचास हजार रकम विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने।

**निर्णय नं. ८**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौको वातावरण तथा विपद् समन्वय शाखाको पत्र संख्या वा.त.वि.स.शा./२०८२/०८३, चलानी नम्बर ४२ र मिति २०८२।०७।११ गते मंगलबार खोजतलास अनुमति सम्बन्धमा जारी पत्रअनुसार खनिज पदार्थको उत्खनन् अनुमति प्राप्त नगरी खोजतलास अनुमितपत्रकै आधारमा उत्खनन् एवम् विक्रि वितरण गर्ने कार्य गर्ने गराउनेलाई सम्बन्धित निकायमा जानकारी गरि नियमानुसार कारबाही प्रक्रिया गर्ने।

सहज प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : ४२

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८२/०७/११ मङ्गलवार
नेपाल संवत्: ११४६ कछलाथ्व सप्तमी

श्री जिल्ला समन्वय समिति (सबै),
श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै),
श्री गाँउपालिका (सबै)।

**विषय: खोजतलास अनुमतिपत्र सम्बन्धमा।**

खानी तथा भूगर्भ विभागको च.नं. ७१४, मिति २०८२/०६/२८ गतेको खोजतलास अनुमतिपत्र सम्बन्धमा विषयक पत्रको छाँया प्रति यसैसाथ संलग्न छ। पत्रमार्फत व्यहोरा अवगत गरी खनिज पदार्थको उत्खनन् अनुमति प्राप्त नगरी खोजतलास अनुमितपत्रकै आधारमा उत्खनन् एवम् बिक्रि वितरण कार्य नगर्न नगराउन साथै अनाधिकृत उत्खनन्, चोरी निकासी रोकथामका लागि खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

२०८२/०७/११

.................................
(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थ:
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्र. मन्त्रालय, (पोर्टल र वेवसाइटमार्फत पत्राचार गरिदिनुहुन)।



CamScanner

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# खानी तथा भूगर्भ विभाग

खानी अनुमति तथा प्रशासन शाखा

(.................................................)

9968
६।३९

कान्तिधारामार्ग-१,
लैनचौर, काठमाडौं

पत्र संख्या:- ०८२/०८३|४६२
चलानी नं. ६१४

श्री वातावरण तथा विपद व्य. शाखा
2082।६।29

मिति:- २०८२।०६।२८

विषय : खोजतलास अनुमतिपत्र सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यस विभागबाट विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ सोको नियमावली, २०५६ को परिच्छेद ३ बमोजिम जारी गरिएको खोजतलास कार्य गर्ने अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति/कम्पनीले ऐ. नियमावली, २०५६ को नियम ११ बमोजिम शर्तहरु पालना गर्नुपर्ने हुन्छ। नियम १३ बमोजिम आफ्नो अनुमति पत्रमा उल्लिखित क्षेत्र भित्र खोसी, खनी, दुलो छेडी वा अन्य उपयुक्त तरिकाद्वारा खोजतलास कार्य गर्न पाउने, उक्त कार्यको सिलसिलामा झिकिएका खनिज पदार्थको प्रकृति, परिमाण, महत्व र प्रस्तावित परीक्षण वा विश्लेषण गर्न वा गराउनको निमित्त यस विभागको स्वीकृतीमा नमूना विदेश लैजान पाउने व्यवस्था रहेको व्यहोरा अनुरोध छ।

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ११ को देहाय खण्ड (च) ले खोजतलास कार्यको सिलसिलामा प्राप्त खनिज पदार्थको बिक्रि वितरण गर्न नपाइने गरी निषेध गरेको भएता पनि खोजतलास कार्यको अनुमति प्राप्त गरेका व्यक्ति/कम्पनीहरुले उक्त अनुमति पत्रको आधारमा उत्खनन् अनुमति प्राप्त नगरी औद्योगिक रातोमाटो, काओलिन (सेतो कमेरो माटो) साथै स्ल्याब ढुङ्गा लगायतका खनिजहरुको विभिन्न तरिकाबाट व्यवसायीक उत्खनन् तथा बिक्री वितरण गरेको व्यहोराको जानकारी विभिन्न माध्यमबाट यस विभागमा प्राप्त हुन आएको छ। सो कार्य रोकथामका लागि यस विभागबाट सम्बन्धित निकायहरुमा पत्राचार गरिँदै आएको छ। उत्खनन् अनुमति प्राप्त नगरी खोजतलास अनुमतिपत्रकै आधारमा उत्खनन् कार्य गर्नु कानून विपरित हुने र सो कार्यबाट वातावरणीय तथा सामाजिक पक्ष लगायतमा नकारात्मक प्रभाव पर्ने देखिन्छ। यस विभागबाट जारी गरिएको खोजतलास अनुमतिकै आधारमा खोजतलास कार्यको सिलसिलामा खनिज पदार्थ उत्खनन् एवं बिक्रि वितरण नगर्न नगराउन र सो कार्यमा रोकथामका लागि एवं अनाधिकृत उत्खनन्, चोरी, निकासी, रोकथामको लागि सबै पालिकाहरु र जिल्ला समन्वय समितिमा पत्राचार गरी सहयोग प्रदान गरि दिनुहुन मिति २०८२।०६।२६ को विभागीय निर्णय अनुसार अनुरोध छ।

बोधार्थ:-
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।

.....................
बसन्त अधिकारी
रिसर्च अफिसर

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 296
मिति: 2082।६।30

फोन : महानिर्देशक - ०१-४५१४७४०
ईमेल : info@dmgnepal.gov.np
योजना कार्यक्रम तथा सूचना शाखा - ०१-४५१२०६५

CamScanner